# 80 Betty Cuthbert Drive, Lidcombe
## स्थलमा स्वास्थ्य, शिक्षा र आवासीय प्रयोजनहरूका लागि अनुमति दिने योजना प्रस्ताव

कम्बरल्याण्ड सिटी काउन्सिलले 80 Betty Cuthbert Drive, Lidcombe मा निर्माण योजना प्रस्ताव (रिजोनिंग) मा थप परामर्श गरिरहेको छ र हामी तपाईंलाई तपाईंको कुरा राख्न प्रोत्साहित गर्दछौं ।

प्रस्तावले स्वास्थ्य, शिक्षा र आवासीय प्रयोगहरूका मिश्रणको साथ स्थलको भविष्यमा हुने विकासको लागि अनुमति दिन स्थलमा योजना नियन्त्रणहरू परिवर्तन गर्न खोज्दैछ । यसमा निम्न कुराहरु समावेश छन् :

- स्थलको दक्षिणमा MS सुविधाको स्थानान्तरण । हालको योजना नियन्त्रणको आधारमा, स्थानान्तरण गरिएको सुविधाको लागि एउटा विकास निवेदन (Development Application) नोभेम्बर 2021 मा सिड्नी सेन्ट्रल सिटी प्लानिंग प्यानलद्वारा स्वीकृत गरिएको थियो ।
- यस क्षेत्रमा जनसंख्या वृद्धिलाई समर्थन गर्न स्थलमा नयाँ स्कूलको लागि जग्गा । NSW सरकारले यस समयमा स्कूलको निर्माण गर्न कुनै प्रतिबद्धता जनाएको छैन ।
- बोटानिकामा पहिले नै आवासको प्रकार जस्तै मध्यम घनत्व आवास । उक्त प्रस्तावअन्तर्गत 85 वटासम्म घरहरू निर्माण गर्न सकिने अनुमान गरिएको छ ।

स्थलमा भविष्यमा हुने विकासलाई समर्थन गर्न प्रस्तावित गुरूयोजना तयार गरिएको छ । हालको योजना नियन्त्रणहरूमा परिवर्तनहरूमा स्थलको 'जोनिङ', उचाइ र घनत्व परिवर्तन गर्न कम्बरल्याण्ड स्थानीय वातावरणीय योजनामा संशोधन र स्थलमा भविष्यमा हुने विकासलाई मार्गदर्शन गर्न कम्बरल्याण्ड विकास नियन्त्रण योजनामा संशोधन समावेश छ ।

काउन्सिलले 6 सेप्टेम्बर 2022 देखि 5 अक्टोबर 2022 सम्म योजना प्रस्तावमा समुदायबाट पेशी माग गरिरहेको छ । थप जानकारी र तपाईं कसरी आफ्नो कुरा राख्ने भन्ने कुरा https://haveyoursay.cumberland.nsw.gov.au/betty-cuthbert-drive मा वा 8757 9000 मा काउन्सिललाई सम्पर्क गरेर फेला पार्न सकिन्छ ।

